नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(शैक्षिक सूचना तथा व्यवस्थापन शाखा)

सानोठिमी, भक्तपुर

प.स.: शै.सू.व्य. २०७९/८० मिति : २०७९।११।२१

च.नं. : ३६

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर

**विषय : IEMIS मा प्राबिधिक धार (९-१२) ,खुला विद्यालय र स्रोतकक्षाका विद्यार्थीका विवरण अध्यावधिक गर्ने बारे ।**

श्री प्राविधिक धार (९-१२)/खुला विद्यालय र स्रोत कक्षा सञ्चालन गरिरहेका विद्यालय

सबै

प्रस्तुत विषयमा विद्यालयहरुले शैक्षिक सत्र २०७९ को सबै विवरण एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System- IEMIS) मा इन्ट्री गरी online मा अपलोड गरिसकेको र सो विवरणबाट प्राविधिक धार (९-१२), खुला बिद्यालय र स्रोतकक्षाका विद्यार्थी संख्या पहिचान गरी सोही बमोजिम आर्थिक बर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम तयार गर्ने कार्य भै रहेको तर उल्लिखित कार्यक्रम सञ्चालन गरिरहेका अधिकांश विद्यालयहरुले उक्त कक्षामा अध्ययन गर्ने विद्यार्थी छुट्टिने गरी Flag गर्ने कार्य गरेको पाइएन तसर्थ तपसिल अनुसार अनलाईनमा गई Flag गरिदिनु हुन निर्देशानुसार अनुरोध छ । उक्त विवरण अद्यावधिक नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान वा विद्यार्थीले पाउने सुविधाबाट वञ्चित हुने अवस्था सृजना भएमा सम्बन्धित विद्यालय नै जिम्मेवार हुने व्यहोरा समेत जानकारी गराइन्छ।

**<u>विद्यार्थी विवरण अध्यावधिक गर्ने प्रक्रिया</u>**

१. बिद्यालयको IEMIS कोड र पासवोर्ड राखेर https://iemis.cehrd.gov.np मा Log in गर्ने
२. देब्रे भागमा भएको Flags मा Student Flag मा Assign Student मा जाने।
३. बर्षमा २०७९ छान्ने, flags category मा प्राबिधिक धार वा खुला बिद्यालय वा स्रोत कक्षा छान्ने,
४. Flags मा Flags Category अन्तर्गत बिषय/तह/स्रोत कक्षा Select गर्ने ।
५. Grade मा गएर कक्षा Select गर्ने ।
६. कक्षागत बिवरण अनुसार प्राबिधिक धार (९-१२), खुला बिद्यालय वा स्रोत कक्षामा भएका विद्यार्थीहरुको नाम र अन्य विवरण अनुसार सोही विद्यार्थीको विवरणमा रेजा लगाउने । रेजा लगाउनु पूर्व पेजको अन्तिममा Submit भन्ने Button भएको/नभएको सुनिश्चित गर्ने । Submit भन्ने button नभएको अवस्था हो भने स्थानीय तहमार्फत Permission को लागि iemis@cehrd.gov.np मा अनुरोध गर्ने । Permission प्राप्त गरेपश्चात submit भन्ने button देखिन्छ, अनि मात्र माथि भनिएको प्रक्रिया शुरु गर्ने ।
७. यी जानकारीहरुलाई सुरक्षित राख्न बिद्यालयले आफ्नो पासवोर्ड नियमित रुपमा परिवर्तन गर्ने ।

प्रविन बाबु भट्टराई

शाखा अधिकृत

**बोधार्थ:**

श्री स्थानीय तह: यस कार्यमा विद्यालयहरुलाई सहजीकरण गरिदिनु हुन अनुरोध छ ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै): यस कार्य सम्पादनका लागि स्थानीय तहसँग समन्वय गर्नु हुन ।